# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम(पश्चिम )
## ६ नं. प्रदेश, नेपाल

सर्म्पक नं.
९७४१३८९९६१
९७४८५८३१३८


**मिति : २०७४/११/१४**

**पत्र संख्या :** २०७४/०७५
**चलानी नम्बर :**..........

**विषय : प्रस्तावदाता छनौट गरिएको सम्बन्धी सूचना ।**

श्री सरोकारवाला सबै,

प्रस्तुत विषयमा यस कार्यालयको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार इन्टरनेट जडान सम्बन्धी मिति २०७४/१०/१४ गते र मिति २०७४/१०/१९ गतेको अन्नपुर्ण राष्ट्रिय दैनिकमा डिजिटल माध्यामबाट तथ्यांक संकलन, विश्लेषण, प्रशोधन तथा नगर प्रोफाइल निर्माण, दर्ता, चलानी, राजश्व, लेखा लगायतका कार्य एवं प्रणालीलाई सफ्टवेयर मार्फत संचालन, व्यवस्थापन तथा अभिलेखांकन गर्न सफ्टवेयरको निर्माण तथा सञ्चालन र व्यवस्थापन, नगरपालिका क्षेत्रभित्रका सडक लगायतका भौतिक योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) सहितको नगर गुरुयोजना (Master Plan) तयार गर्ने, शिक्षा क्षेत्रको आमूल परिवर्तनको लागि विस्तृत कार्ययोजना (DPR) सहितको गुरुयोजना (Master Plan) तयार पार्ने, कृषी क्षेत्रको विकास र विस्तारको लागि विस्तृत कार्ययोजना (DPR) सहितको गुरुयोजना (Master Plan) तयार पार्नको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार तोकिएको अवधिभित्र रितपूर्वक दरखास्त परेका प्रस्तावहरु प्रस्ताव खोल्न गठित समितिद्वारा खोली मूल्याङ्कन समितिमा पेश भई मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरुको आर्थिक र प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी मिति २०७४/११/१४ गते पेश गरेको प्रतिवेदन अनुसार तपसिल बमोजिमका प्रस्तावदाताहरुको प्रस्ताव छनौट भई स्वीकृत गर्ने निर्णय भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । सूचनामा प्रकाशन भएअनुसार छनौट भएका प्रस्तावदाताहरुले छनौट भएको मितिले ७ दिनभित्र सम्झौता गर्न आउनुहुन अनुरोध छ । तोकिएको अवधिभित्र सम्झौता गर्न नआएमा निज प्रस्तावदाताको प्रस्ताव रद्द गरी प्रचलित कानुन बमोजिम अर्को प्रस्तावदातालाई सम्झौताको लागि पत्राचार गरिने व्यहोरा समेत जानकारी गराइन्छ । साथै तपसिलका प्रस्ताव बाहेक अन्य प्रस्तावहरु सार्वजनिक खदिर नियमावली, २०६४ को नियम ७२ को उपनियम २ बमोजिम पेश हुनुपर्ने संख्यामा प्रस्तावहरु पेश नभएको तथा केही प्रस्तावदाताहरुको प्रस्तावमा सूचनामा उल्लेख भएअनुसारका कागजातहरु संलग्न नरहेको देखिएकोले ती प्रस्तावहरु रद्द गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

| क्र.स. | प्रस्तावदाताको नाम | छनौट गरिएको कामको किसिम | कबोल अंक (कर सहित) |
|---|---|---|---|
| १ | सफ्टेक इन्फोसिस प्रा.लि. , काठमाण्डौ । | दर्ता, चलानी, राजश्व, लेखा लगायतका कार्य तथा प्रणालिको सफ्टवयेर निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न | रु. ६,७८,०००।०० |
| २ | एभरेष्ट वाइरलेस नेटवर्क प्रा.लि., जाजरकोट । | इन्टरनेट सेवा जडान | प्रतिटावर जडान शूक रु.२,५६,९००।०० र प्रतिवडा प्रतिमहिना सेवा शुल्क रु. २०,९००।०० गरी प्रतियुनिट जडान शुल्क र सेवा शुल्क गरी मु.अ.कर सहित रु. २,७७,८००।०० |

-------------------------
**राम बहादुर के.सी.**
**नि. प्रमुउख प्रशासकिय अधिकृत**